कानुनी साक्षरता शृंखला-11

# भारत सरकारका प्रमुख योजनाहरू

साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकाश मन्त्रालय
भारत सरकार

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**ASSAM STATE LEGAL SERVICES AUTHORITY**

1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 2516367, FAX : 0361 - 2601843

অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১


No. ASLSA-38/2014/60

Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia
29/4/2016

(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

# भारत सरकारका प्रमुख योजनाहरू

कानुनी साक्षरता शृंखला–11

साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकास मन्त्रालय
भारत सरकार

सत्यमेव जयते

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**Varat Sarkarka Pramukh Yojanaharu :** This book is based on legal awareness for the neoliterates on different govt. schemes. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

---

मूल पुस्तक : भारत सरकार की प्रमुख योजनाएं

पुस्तक तयार पार्न कार्यशालामा सहयागीहरू : सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान

भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फबाट कार्यशालामा उपस्थित अधिकारीहरू : राजेश देउली, योजना अधिकारी, अङ्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक

प्रथम प्रकाशन : मार्च 2016 (1000)

प्रकाशक : राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी-781001

सम्पादन : अनुराधा बरूवा, प्रसन्न कुमार कलिता

मुद्रक : शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी-21

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा गुवाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्धारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

# हाम्रा दुई कुरा

स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरेर प्रकाशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा आयोजित लेख तयारी कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरिएको छ। अनुदित पुस्तिकाहरू असम राज्य कानुनी सेवा प्राधिकरणाद्वारा अनुमोदित भएका छन्। यसै अवसरमा कार्यशालामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद ज्ञापन गरिन्छ। आशा छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म
निदेशक
राज्य स्रोत केन्द्र

# छोरी बचाऔं – छोरी पढ़ाऔं

भारतमा विगत केही वर्षदेखि स्त्री–पुरुषको अनुपात असंतुलित भएको छ। देशमा 1000 पुरुष बराबर 943 महिला छन्। यसै कारण सन् 2014 को 15 अगस्टमा प्रधानमंत्रीले छोरी बचाऔं–छोरी पढ़ाऔं योजनाको घोषणा गर्नुभयो। महिला तथा बाल विकास मंत्रालयले यसलाई लागू गर्ने छ। साथै निगरानी पनि गर्ने छ। यसलाई स्वास्थ्य र परिवार कल्याण मंत्रालय, स्कुल शिक्षा र साक्षरता विभागले सहयोग पुर्‍याने छ।

**प्रमुख उद्देश्य :**

* सबैभन्दा कम कन्या शिशु संख्या भएका 100 जिल्लामा कन्याहरुको जन्म दर बढ़उनु हो।
* 5 सालभन्दा कम उमेरका नानीहरुको मृत्यु दर 8 देखि घटाएर 5 बनाउनु हो।
* नानीहरुलाई पौष्टिक आहार दिनु।
* शिक्षाको प्रत्येक स्तरमा बालिकाहरुको संख्या बढ़ाउनु।

* 2017 सम्म प्रत्येक स्कुलमा बालिकाहरुको निम्ति शौचालय बनाउनु।
* यौन उत्पीड़नबाट बचाँउनु।

**के अनि कस्तो प्रकारको काम गर्ने :**

* मानिसको सामाजिक सोच बदल्ने प्रकारको कार्यक्रम लागु गर्ने।
* संचार साधनको सहायताले ती जिल्ला वा सहरहरुमा ध्यान दिनु जहाँ कन्याको संख्या अति कम छ।
* पंचायत निगम, समुदाय, अहिंसा तथा स्वयंसेवकको मार्फत बालिकाहरुको निम्ति सुरक्षित तथा अनुकूल वातावरण तयार पार्ने।
* शिक्षाको अधिकार, सर्वशिक्षा अभियान, छात्रवृत्ति योजनाहरुको सही उपयोग।

## प्रधानमन्त्री जन धन योजना

माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सन् 2014, 15 अगस्तको दिन प्रधानमन्त्री जन धन योजना

(पी.एम.जे.डी.वाई) को घोषणा गरेका थिए जो वित्तीय समावेशनको सम्बन्धमा एक राष्ट्रिय मिशन हो।

प्रधानमन्त्री जन धन योजनाको संदर्भमा प्रमुख कुराहरु निम्नलिखित हुन :

1. जीरो बेलेन्स अकाउण्ट।
2. रूपे डेबिट कार्डको सुविधा।
3. रुपियाँ 1 लाखको दुर्घटना बीमा सुरक्षा।
4. रुपियाँ 30,000 को जीवन बीमा सुरक्षा।
5. खाता खोल्नुमा न्युनतम धनराशिको आवश्यकता छैन।
6. खाता 6 महिनासम्म सन्तोषजनक संचालनमा ओवर ड्राफ्टको सुविधा।

**पी.एम.जे.डी.वाई, खाता कसले खोल्न सक्छ :**

* कुनै पनि व्यक्ति जसको आयु 10 वर्ष भन्दा अधिक छ खाता खोल्न सक्छ।
* निरक्षर व्यक्तिले पनि खाता खोल्न सक्छ।
* संयुक्त खाता पनि खोल्न सक्छ।
* जुन व्यक्तिको पहिलाबाटै बैंकमा खाता छ।

**पी.एम.जे.डी.वाई, खाता खोल्दा आवश्यक काग्जात :**

* आधार कार्ड आधार संख्या उपलब्ध छ भने अन्य कागजात पर्दैन।
* आधार कार्ड छैन भने, निम्नलिखित सरकारी तौरमा वैध काग–जातमा कुनै पनि एउटा चाहिन्छ–मतदाता परिचय पत्र, ड्राइविङ्ग लाइसेंस, प्यान कार्ड, पासपोर्ट, एवं मनरेगा जबकार्ड जसमा तपाईको ठेगाना भएको होस्। यसले पहिचान र ठेगानाको प्रमाण गर्ने छ।
* यदि कसैकोमा उपयुक्त वर्णित वैध सरकारी कागजात छैन भने बैंकर अल्प जोखिम श्रेणीमा वर्गीकृत गर्ने गर्छ भने निम्नलिखित मध्ये कुनै पनि एउटा कागजात जम्मा गरेर बैंक खाता खोल्न सकिन्छ।

क) केन्द्र राज्य सरकारको विभाग, सांविधिक नियामक प्राधिकरण, सार्वजनिक क्षेत्रको, अनुसूचित वाणिज्यिक बैंक अनि लोक वित्तीय संस्थानद्वारा जारी गरेको फोटोसहित परिचय पत्र।

ख) राजपत्रिक अधिकारी (गजेटेड आफिसर)द्वारा व्यक्तिको अभि प्रमाणित फोटोयुक्त पत्र।

## पी.एम.जे.डी.वाई, खाता कहाँ खोल्न सकिन्छ :

* खाता कुनै पनि बैंकको शाखा वा व्यवसाय प्रतिनिधि (बैंक मित्र) प्रशाखा (आउटलेट) मा खोल्न सकिन्छ।
* पी. एम. जे. डी. वाई, खाताधारकको अनुरोधमा कुनै पनि सहर नगरको बैंक शाखामा सजिलै स्थानान्तरित गर्न सकिन्छ।
* प्रत्येक शनिवारको बिहान 8 बजेदेखि बेलुकी 8 बजेसम्म बैंकमा क्याम्पको आयोजन गर्नु भनेर भनिएको छ। बैंकले अन्य दिनमा पनि अतिरिक्त क्याम्प राख्न सक्छ।

## स्वच्छ भारत अभियान

भारतमा एक अरबभन्दा अधिक मानिस बस्छन्। प्रत्येक मान्छेले हरेक दिन धेरै ठोस र तरल फोहोर मैलाहरू बाहिर फ्याँक्छन्। खुला ठाउँमा दिसा गर्ने अर्को समस्या छ। साफ-सुग्घर नराखे नाना प्रकारका रोग फैलन्छन् र 2 अक्टुबर 2014 देखि प्रधानमंत्रीद्वारा स्वच्छ भारत अभियान सुरु गरिएको छ।

## उद्देश्य

* खुला ठाउँमा दिसा गर्न बन्द गर्नु।
* फ्लशवाला शौचालय बनाउनु।
* हातले फोहोर–मैला उठाउने काम बन्द गर्नु।
* ठोस फोहोर–मैला जम्मा गरेर सही तरीकाले टुंगो लाउनु।
* मानिसमा सहभागिताको बोध गराउनु।

## सरकारको पहल :

* देशभरीको 4041 वैधानिक गाउँ सहरहरुका बाटाहरुको वुनियादी ढंगले साफ–सुग्घरको जिम्मेवारी।
* गाउँहरुमा औ सहरको गरीब परिवारको घरमा शौचालय बनाउँदा 80% सब्सिडीको घोषणा।
* नालीहरू, सोकपिट, ठोस औ तरल फोहोर–मैला प्रबन्धनको योजना सुरू गरियो।

## अरु के गर्नुपर्छ :

* सुखा शौचालयहरुलाई पानी (फ्लश) वाला शौचालयमा परिवर्तन गर्नु।

* गाउँका घरहरुमा ठाउँ नभए पंचायतद्वारा सार्वजनिक शौचालय र स्नानघर बनाउनु, जहाँ महिलाहरुले नुहाउनु र लुगा धुन सकून्।

## राष्ट्रिय साधनसहित योग्यता छात्रवृत्ति योजना

शिक्षाबाट वंचित समुदायको मानिसहरुलाई मुख्य धारामा जोड़ेर राख्ने उद्देश्यले राष्ट्रिय साधनसहित छात्रवृत्ति योजना मई 2008 मा सुरु गरियो।

**उद्देश्य :**

* कक्षा आठमा पढ्दा-पढ़दै बीचमा पढ्न छोड्ने दरलाई रोक्न आर्थिक रुपले कमजोर विद्यार्थीलाई प्रतिभाशाली छात्रवृत्ति प्रदान गर्नु।
* कक्षा बाह्रसम्मको माध्यमिक औ उच्चतर माध्यमिक स्तरको पठन-पाठन जारी राख्नलाई प्रेरित गर्नु।

**छात्रवृत्तिको वितरण :**

* विभिन्न राज्यहरु संघ राज्यमा छात्रवृत्तिको आरक्षण छ।

* छात्रको अभिभावकको वार्षिक आय 1,50,000 रूपियाँभन्दा कम छ भने छात्रवृत्ति पाउन सक्छ।
* छात्रवृत्ति वितरणमा राज्य सरकारले तय गरे अनुसार आरक्षण पाउने छ।
* राज्य सरकारद्वारा आयोजित परीक्षा माध्यमद्वारा पनि छात्रवृत्तिको चयन गरिन्छ।
* छात्रवृत्तिको वितरण विद्यार्थीको ब्याङ्क खातामा गरिन्छ।
* राज्यहरु संघ राज्यद्वारा प्राप्त प्रस्तावको आधारमा 1 जनवरी 2013 देखि 31 मार्च 2014 सम्म 159127 छात्रवृत्ति स्वीकृत गरिसकेको छ।

## साक्षर भारत कार्यक्रम

8 सितंबर 2009, अन्तर्राष्ट्रिय साक्षरता दिवसको उपलक्षमा भारत सरकारद्वारा साक्षर भारतको शुभारंभ गरिएको हो। देशको 15 वर्षभन्दा अधिक उमेरको महिला–पुरुषहरु कम से कम 80 प्रतिशत मानिसले साक्षरता हासिल गर्न सकून्भन्ने ध्येयले यी योजना चालु गरिएको हो। महिला र पुरुषको साक्षरताको अंतर कम्तीमा 10 प्रतिशत होस् भन्ने यसको मूल उद्देश्य हो।

यस कार्यक्रम अन्तर्गत प्रमुखरुपले ग्रामीण महिलाहरु, अनुसूचित जाति तथा जनजाति एवं अल्पसंख्यक, अन्य वंचित वर्गका मानिसहरु तथा किशोर वर्गका युवक–युवतीहरुमाथि मुख्य रुपले ध्यान दिइएको छ। कम साक्षरता भएको जिल्ला औ आदिवासी बहुल क्षेत्रहरुमा यस कार्यले प्राथमिकता दिइएको छ।

**कार्यक्रमको उद्देश्य :**

साक्षर भारत कार्यक्रमको लक्ष्य प्राप्तिको लागि निर्धारित गरिएका केही उद्देश्यहरु निम्न प्रकार छन्

* 15 वर्ष औ अधिक उमेरका महिला–पुरुषहरुलाई कार्यात्मक रुपले साक्षार बनाउनु।
* नवसाक्षरहरुलाई पढन सिक्ने अवसर प्रदान गर्नु जसद्वारा बुनियादी साक्षरता प्राप्त गरेपछि पनि लेख्न–पढने रुचि यथावत होस्।
* आफ्नो जीवन यापनमा सुधार गर्ने ध्येयले आफ्नो आयमा बृद्धि गर्नु तथा नवसाक्षरहरुलाई विभिन्न कौशल प्रदान गर्नमा सहायता गर्नु।
* आजीवन सिक्ने अवसर प्रदान गराएर अग्रसर समाजको स्थापना गर्नु।

## साक्षर भारत कार्यक्रमका मुख्य विशेषताहरु

* कार्यक्रमका लाभार्थी 15 वर्षभन्दा अधिक उमेरका वयस्क असाक्षर हुन्। महिला, अनुसूचित जाति जनजाति तथा अल्पसंख्यक समुदायका मानिसहरुप्रति विशेष ध्यान केन्द्रित गरिएको छ।
* यस कार्यक्रममा बुनियादी साक्षरता, बुनियादी शिक्षा, कौशल विकास तथा सठीक शिक्षा कार्यक्रमसंगसंगै चलाइएको छ।
* स्वयंसेवकद्वारा पठन–पाठनको साथ साथै अन्य तरीकाहरु जस्तै - आवासीय शिविर, आवासीय अनुदेशक को प्रावधन गरिएको हुन्छ।
* ग्राम पंचायत स्तरको कार्यक्रममा सबै विषयको क्रियान्वयन, समन्वय औ प्रबंधनको ध्येयले शिक्षा केन्द्र स्थापित गरिएको छ।
* कार्यक्रमको क्रियान्वयन पंचायती राज संस्थाद्वारा गरिन्छ।
* सफल शिक्षार्थीहरुलाई राष्ट्रिय मुक्त विद्यालय संस्थान (एनआईओएस) द्वारा प्रमाण–पत्र प्रदान गर्ने प्रावधान छ।
* सठीक प्रशिक्षण, सठीक मनीटरिंग औ मूल्यांकनको व्यवस्था छ।

## साक्षर भारतको शैक्षिक कार्यक्रम

### 1. बुनियादी साक्षरता कार्यक्रम :

यस अन्तर्गत 15 वर्ष भन्दा अधिक उमेर समूहका असाक्षर मानिसहरुलाई साक्षर बनाउने कार्य गरिन्छ। यस अन्तर्गत 200 घण्टाको पठन–पाठन अवधिको प्रवेशिका तथा 100 घण्टा अवधिको सेतु प्रवेशिका उपयोगमा ल्याइन्छ।

* 300 घण्टाको कार्यात्मक साक्षरता हासिल गरेपश्चात नवसाक्षरलाई अघि बढ़ाउने क्रम जारी राख्नपर्छ। नवसाक्षरहरु तथा विद्यालय छोड़्ने विद्यार्थीहरुलाई यस्तो अवसर प्रदान गर्न पर्छ जसले 8 कक्षा समतुल्य योग्यता हासिल गर्न सकून्।

### 3. व्यावसायिक तथा कौशल विकास कार्यक्रम :

यस कार्यक्रम अन्तर्गत नवसाक्षरले यस्तो व्यावसायिक कौशलता प्राप्त गरेर रोजगारको मौका प्राप्त गर्न सकून्।

## 4. सतत शिक्षा कार्यक्रम :

यसको मुख्य उद्देश्य एक अध्ययनशील समाजको रचना गर्नु हो। नवसाक्षरले हासिल गरिसकेको साक्षरतालाई यथावत राख्न तथा साक्षरताको स्तरमा बृद्धि गर्ने उद्देश्यले पुस्तकहरु, मीडिया तथा सूचना एवं संचार प्रौद्योगिकी उपयोगको प्रावधान छ।

## जन शिक्षण संस्थान

जन शिक्षण संस्थान जिल्ला स्तरमा कौशलगत विकासको प्रशिक्षण दिने काम गर्छ। देश भरमा 271 संस्थान स्थापित गरिएको छ। जन शिक्षण संस्थान, मानव संसाधन विकास मंत्रालय, भारत सरकारको स्कुल शिक्षा एवं साक्षरता विभागद्वारा प्रयोजित छ।

## उद्देश्य एवं लक्ष्यसमूह :

* 15 देखि 35 वर्षको आयु समूहका युवाहरुलाई अनौपचारिक व्यावसायिक प्रशिक्षण प्रदान गरेर स्वावलम्वी बनाउने हो।

* यसको मुख्य लक्ष्यसमूह सहरी ग्रामीण जनसंख्या, विशेष गरी नवसाक्षर, निरक्षर, अनुसूचित जाति–जनजातिवर्ग, महिला अनि बालिकाहरु झोपडीमा बस्ने प्रवासी कामदार हो।

**भूमिका :**

संस्थानद्वारा धेरै उपयोगी आवश्यकीय व्यावसायिक कार्यक्रम जिल्लाहरुको माग अनुसार संचालित गरिन्छ। विभिन्न प्रशिक्षणको निम्ति अलग अलग अवधि तोकिएको हुन्छ। प्रशिक्षणपछि मूल्यांकन गरी प्रमाणपत्र दिने प्रचलन छ।

## सर्वशिक्षा अभियान

प्राथमिक शिक्षालाई लोकप्रिय बनाउने हेतु वर्ष २००१ देखि क्रियान्वित सर्वशिक्षा अभियानमा गुणवत्ता बढाउने हेतु सरकारद्वारा केही संशोधन **गरिएको छ**

* राष्ट्रिय पाठ्यक्रम 2005 को अनुसार पाठ्यक्रम, शिक्षकहरुलाई तालीम एवम् शैक्षणिक योजना प्रबन्धन गर्नु पर्छ।

* यस्तो हालतको सिर्जना गर्नु छ कि अनुसूचित जाति जनजाति, महिला अल्पसंख्यक, विशेष आवश्यकता भएका नानीहरु एवम् बञ्चित समुदायको नानीहरु भूमि बिनाको खेतीवाला मजदूर अनि खास गरी केटीहरुले पनि शिक्षाको फाइदा उठाउनु सकून्।
* महिलाहरुको अवस्थामा सुधारको दृष्टिकोणले पाठ्यक्रममा पनि परिवर्तन होस्।
* माता–पिता, शिक्षक, शैक्षणिक प्रबन्धन एवम् अन्य मानिसहरुलाई शिक्षाको अधिकारको सम्पूर्ण तरिकाले लागु गर्नका लागी नैतिक दबाव दिनु।

## के के गरिंदैछ

* शिक्षाको अधिकार मौलिक अधिकार हो।
* कस्तूरबा गाँधी बालिका विद्यालयले पूरा भारतभरि काम गरिरहेको छ। जसमा अनुसूचित जाति जनजाति पछौटे वर्ग एवम् अल्पसंख्यक वर्गको केटीहरु बस्छन अनि पढछन्। जम्मा 3600 विद्यालय अहिले पूरा भारतमा चलिरहेका छन्।

* बालिकाहरुका लागि माध्यमिक अनि उच्चतर माध्यमिक स्तरमा शिक्षाको लागि राष्ट्रिय कार्यक्रम चलिरहेको छ।
* मध्याह्न भोजन योजना अन्तर्गत सबै विद्यालयका नानीहरुलाई पौष्टिक आहार दिई रहिएको छ।
* उत्कृष्ट 6000 विद्यालयहरु, खण्डस्तरमा स्थापनाको लागि योजना लागू भइसकेको छ।

**मध्यान्ह भोजन योजना**

गरीब व वंचितवर्गका विद्यार्थी सधै स्कुलमा उपस्थित रहुन,साथै स्कुलमा प्रतिदिन विद्यार्थीले पौष्टिक आहार प्राप्त गरुन् त्यस विचारले नै 15 अगस्त 1995 देखि मध्यान्ह भोजन कार्यक्रमको सुरु गरिएको हो। पछि 2008-2009 मा यस कार्यक्रमलाई राष्ट्रिय मध्याह्न भोजन कार्यक्रम नामले नामांकित गरियो।

**उद्देश्य :**

* कक्षामा नानीहरु भोको-पेट बस्न नपरोस्।
* नानीहरुको स्वास्थ्य उन्नत रहोस्।

* स्कुलमा छात्र–छात्राको संख्या एवं उपस्थीतिमा बढोत्तरी होस्।
* सामाजिक क्षमतामा बढोत्तरी होस्। छात्राहरुले भरपेट खाना खान पाउन्।
* खाना पकाउने काम महिलाहरुले प्राप्त गरुन्।

**भोजनमा के के रहोस्। भोजन कस्तो होस्**

* 100 ग्राम अन्न।
* 50 ग्राम सब्जी।
* 450 ग्राम प्रोटिन ऊर्जा प्राप्त होस्।
* 12 ग्राम प्रोटीन प्राप्त होस्।

प्राथमिक एवं माध्यमिक स्तरमा 700 क्यालोरी ऊर्जा व 20 ग्राम प्रोटीन खानामा रहन आवश्यक छ।

**भोजनको साथै अन्य लाभ**

* पेयजलको सुविधा।
* हात धुने सुबिधा।

* समूदायको सहयोगले भोजन पस्किने व स्वच्छता राख्ने काम।
* सफा–सुघ्घर तरिकाले खाने बानी लाउनु।

## सरकार एवं अन्य एजेंसिहरुको जिम्मेदारी

* केन्द्र व राज्य सरकारले धनराशि दिने छन।
* मातृ–स्व सहायता समूह, नेहरु युवा केन्द्र, पंचायत, नगर–निगम आदिले सहयोग गर्नु पर्छ।
* एउटा भान्सा घर निर्माण होस्।

## जरुरी कुरा

* खानाको गुणस्तर, सुरक्षा व स्वच्छता देख–रेखका लागि एकजाना शिक्षक लगायत जम्मा दुईजाना व्यक्ति रहन आवश्यक छ, जसले नानीहरुलाई खाना पस्किनु अघि खाना चाख्नु जरुरी छ।
* कलेक्टरद्वारा नामांकित अधिकारीले अनाजको गुणस्तको जांच गर्ने छन।

## शिकायत कस्लाई गर्ने

* समाजका कुनै सार्वजनिक एजेंसी वा समूहले मध्याह्न भोजन योजनाको लेखा परीक्षा गर्न सक्छ।
* टोल फ्री नम्बर वा पत्रद्वारा पनि शिकायत गर्न सकिन्छ।

## राष्ट्रिय माध्यमिक शिक्षा अभियान

साक्षरतालाई अगाड़ी बढ़ाउनका लागि प्राथमिक स्तरको शिक्षापछि माध्यमिक शिक्षाको व्यवस्था गर्नु अती नै अनिवार्य छ। २००९ को मार्च महिनामा सुरु भएको यस योजनालाई 2009–10 देखि लागु गरियो।

**उद्देश्य :**

* स्कुलमा विद्यार्थीहरुको पञ्जिकरणलाई 75 प्रतिशतसम्म ल्याउनु।
* माध्यमिक शिक्षाको स्तर बढाउनु।
* एउटै स्तर अथवा समान शिक्षाद्वारा समाजमा रहेका आर्थिक सामाजिक शैक्षिक असमानतालाई हटाउनु।
* 2017 सम्म 12 औं पंचवर्षीय योजना पूरा हुनेसम्ममा माध्यमिक स्तरको शिक्षा सबैलाई उपलब्ध गराउनु।

**योजनाको लाभार्थीहरु :**

यो योजना सबैको लागि हो तर विशेष रुपमा निम्नलिखित कार्य छ–

* आश्रम स्कुलहरुलाई प्राथमिकदेखि माध्यमिक स्तरसम्मको बनाउनु।

  अल्पसंख्यक बहुल क्षेत्रहरुमा कक्षा 8 देखि 12 सम्ममा पढ्ने 14 देखि 18 वर्षको समूहको छात्राहरुलाई एवम् विशेष रुपले लक्षित कमजोर वर्गका लागि विशेष प्रवेशको अभियान चलाउनु।

**सरकारले के गर्छ :**

* जुन संस्थाले यो योजनालाई चलाउँछ उसलाई केन्द्र सरकार साथै राज्य सरकारले आफ्नो–आफ्नो भागको धनराशि दिनेछन्।
* अतिरिक्त कक्षाहरु, प्रयोगशालाहरु, पुस्तकालय, कला कौशलको लागि कोठाहरु, शौचालय, पिउने पानीको व्यवस्था, शिक्षकहरुको लागी बस्ने व्यवस्था।

**योजनाका विशेषताहरु :**

* विद्यार्थी–शिक्षकको अनुपात 18 : 1 हुन्छ। हर 18 विद्यार्थीहरुको लागि एक शिक्षक।
* गणित, विज्ञान साथै अंग्रेजीलाई विशेष रुपले ध्यान दिने।
* शिक्षकहरुलाई तालिम।
* कम्प्युटर एवम् सूचना प्रौद्योगिकी उपयोग, केटीहरुका लागि अलग शौचालय।

## महिला समाख्या

महिलाहरुको स्थितिमा मूलभूत परिवर्तन त्याउनका निम्ति 1988–89 मा महिला समाख्या योजना शुरु गरिएको थियो। यो एउटा सतत योजना हो। यो योजना राष्ट्रिय शिक्षा नीति अन्तर्गत बनाइएको छ। जसले गर्दा शिक्षाको प्रक्रियामा केटीहरुको सहभागिता बढोस् अथवा बढ्न सकोस्।

**उद्देश्य :**

* ग्रामीण महिलाहरुका लागि शिक्षाको व्यवस्था साथै उनीहरुको सशक्तिकरण।

* महिला समूह बनाउनु जहाँ उनीहरु बसेर एक–अर्कासँग विचार विमर्श गरून् अवसर मौका छोपेर चुनाव गर्न सकून्, विशेषत शिक्षा नौकरी अनि स्वास्थ्यको विषयमा।
* परिवार, समुदाय, पंचायत अनि ब्लक स्तरमा यस्तो कार्यक्रम गर्नु जसको कारण मानिसहरुमा जागरुकता आओस्।
* नानीहरु विशेषत : केटीहरु स्कुलहरुमा बसेर उनीहरुले आफ्नो पढ़ाई पूरा गर्न सकून्।

योजनाको क्रियावयन :

* अहिले देशका 10 वटा राज्यहरुमा यो योजना चलीरहेको छ र ती राज्यहरु हुन–आन्ध्रप्रदेश, असम, बिहार, झारखण्ड, कर्नाटक, केरल, गुजरात, उत्तरप्रदेश, उत्तराखंण्ड। जम्मा 126 जिल्लाहरुका 42,398 गाउँहरुमा यो कार्यक्रम एवम् योजना चलिरहेको छ।
* यस योजनामा काम गर्ने महिलाहरुलाई सहायिका भनिन्छ। जसको संख्या 50,000 हजारदेखि बेसी छ अनि उनीहरुको पहुंच 140 लाख महिलाहरुमा पुगेको छ।

* योजनाको अन्तर्गत कानुनी साक्षरता एवम् अधिकारको जानकारी पनि महिलाहरुलाई दिइन्छ। जसले गर्दा उनीहरुले पनि पुरुषहरु सरह सबै क्षेत्रहरुमा समान अवसर पाउन सकून।
* यी योजना मानव संसाधन विकास मंत्रालयको अन्तगर्त संचालित छ।

## सबला योजना

महिला एवं बाल विकास मंत्रालयद्वारा सन् 2000देखि देशका किशोरीहरुका निम्ति विभिन्न योजनाहरु संचालन गर्दे आईरहेको छ। जसमा 11 देखि 18 वर्ष सम्मको किशोरीको पोषण एवं स्वास्थ्यमा सुधार गर्नका निम्ति साथै तिनीहरुलाई व्यावसायिक कौशलमा दक्ष गराउने तथा स्वास्थ्य, व्यक्तिगत स्वच्छता र परिवार कल्याणको विषयमा जागरुक गराउने प्रयास गरिएको छ। यो योजना देशका 200 वटा जिल्लाहरुमा संचालित भइरहेको छ।

**उद्देश्य :**

* 11 देखि 18 वर्ष सम्मका स्कुल त्याग्ने वा स्कुलजाने किशोरीहरुको स्वास्थ्य एवं पोषणमा सुधार गराउनु।

* किशोरी युवतीहरुको जीवन कौशल, घरेलु कौशल एवं व्यवसायिक योग्यतामा सुधार ल्याउनु।
* किशोरी युवतीहरुलाई स्वास्थ्य, पोषण, वातावारणीय एवं व्यक्तिगत स्वच्छता शिशु देखभाल, किशोरी प्रजनन् शिक्षा, लिंग भेद, तनाव प्रवंधन, घरको बजट, समय प्रबन्धन जस्ता विषयहरुमा जागरुक गराउनु हो।
* किशोरीलाई जन उपयोगी सेवा जस्तै – डाकघर, बैंक पुलिस थाना, आर्थिक स्वावलम्बन गतिविधिहरुसंग परिचित गराउनु हो।
* स्कुल छोडने किशोरीहरुलाई शिक्षाको मुख्य धारामा जोड़नु हो।

**योजना कसको निम्ति :**

* योजना अर्न्तगत चिन्हित जिल्लाहरुका 11 देखि 14 वर्ष सम्मका पाठशाला त्याग्ने किशोरी एवं 14 देखि 18 वर्षका समस्त किशोरी हरुलाई लाभान्वित गरिने प्रावधान छ।

## योजनाको विशेषता :

* किशोरीहरुलाई आयरन एवं फोलिक एसिडको औषधि वितरण गर्नु।
* किशोरीहरुलाई नियमित स्वास्थ्य परीक्षण का रेफरल सेवा पुर्‍याने।
* किशोरीहरुलाई स्वास्थ्य एवं पोषण सम्बन्धी शिक्षा दिनु।
* किशोरीहरुलाई कानुनी, संचारको महत्व, नेतृत्वको क्षमताको विकास आदि विषयमा मार्गदर्शन गराउनु हो।

## योजनाको क्रियान्वयन :

* योजना संचालनको केन्द्र विन्दु आई.सी.डी.एस. अन्तर्गत आगनवाड़ी केन्द्र, पाठाशाला, पंचायत भवन, सामुदायिक स्वास्थ्य केन्द्र आदि।
* सबला केन्द्रमा प्रत्येक मंगलवार र शनिवार 2 देखि 3 घन्टा सखी–सहेली वा किशोरीहरुको समूहसंग गतिविधिहरु गर्ने गरिन्छ।
* किशोरी समूहको गठन एवं प्रशिक्षण।

* एक समूहमा सामान्यता : 15 देखि 25 वर्ष उमेरका पाठशाला त्याग्ने किशोरी–युवतींहरु हुन्छन्।
* समूहमा किशोरीहरुले। सखी 2 सहेलीको चयन गर्ने गर्छन।
* तीन महिनामा एक पटक किशोरी दिवसको आयोजना गरिन्छ। त्यस दिन सबै किशोरीहरुको स्वास्थ्य जाँच गरिन्छ। साथै आयरन, फोलिक एसिडको चक्की वितरण गरिन्छ। प्रत्येक किशोरीलाई रुउटा स्वास्थ्य कार्ड दिइन्छ जसमा उनको जानकारी दर्ज गरिएको हुन्छ।
* किशोरी दिवसको दिनको उपयोग समुदाय, माता–पिता, भाइ–वहिनी आदिलाई सूचना शिक्षा एवं संचार प्रदान गर्नका निम्ति गरिन्छ।

## जननी सुरक्षा योजना

स्वास्थ्य एवं परिवार कल्याण मंत्रालय, भारत सरकारको धेरै महत्वपूर्ण योजनाहरु राष्ट्रिय ग्रामीण स्वास्थ्य मिशनद्वारा संचालित भै रहेका छन। यिनै योजनाहरु बीचको एउटा योजना हो जननी सुरक्षा योजना। यो योजना सहर एवं ग्रामीण दुबै क्षेत्रमा लागु गरिएको छ।

**उद्देश्य :**

* मातृ तथा शिशुहरुको मृत्यु दर घटाउनु।
* संस्थागत रूपमा प्रसवको समयमा हौसला दिनु।

**योजना कसको लागि**

* सबै ग्रामीण तथा सहरी क्षेत्रका महिलाहरुको निम्ति, जस्ले सरकारी अथवा मान्यताप्राप्त निजी अस्पतालमा प्रसव गराउने गर्छन।
* बी.पी.एल परिवारका सबै महिलाहरुको निम्ति जसको घरेलु प्रसव कुनै प्रशिक्षित धाई अथवा ए.एन.एमद्वारा भएको छ।

**योजनाको लाभ प्राप्त गर्नका लागि जरुरी छ**

* गर्भधारणको पंजीयन गराउनु।
* सरकारी अथवा मान्यताप्राप्त निजी अस्पतालमा प्रसव गराउनु।

## योजनाको लाभ ( फायदा )

* ग्रामीण क्षेत्रको लागि :

– अस्पतालमा प्रसव गराएमा 1400 रुपियाँको नगद सहायता।

– महिलालाई गर्भावस्थादेखि प्रसव हुने समयसम्म सहायता पुर्‍याएकोमा आशा कार्यकर्तालाई 300 रुपियाँको सहायता।

– प्रसवपछि पनि सहायता पुर्‍याएकोमा आशा कार्यकर्तालाई अरु 300 रुपियाँको सहायता।

## सहरी क्षेत्रको निम्ति :

– प्रसवपछि महिलालाई 1000 रुपियाँको नगद सहायता।

– आसा कार्यकर्तालाई गर्भवती महिलालाई प्रसवपूर्व सहायता पुर्‍याएकोमा 200 रुपियाँ अनि प्रसवपछि सेवा प्रदान गरेकोमा 200 रुपियाँ, जम्मा 400 रुपियाँको सहायता।

## योजनाको लाभ कसरी लिने

* गर्भधारणको कुरा थाहा लाग्नसाथ नजीकमा रहेको आंगनवाड़ी केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र अथवा कुनै सरकारी वा निजी अस्पतालमा पंजीयन गराउनु पर्छ।

* पंजीयनसंग आफ्नो आधार कार्ड नम्बर, बैंक खाता नंबर र मोबाईल नम्बर दिन आवश्यक छ।

## योजनाको वास्तविकता

* प्रत्येक ग्राम टोल तहमा आशा कार्यकर्ता उपलब्ध छन्।
* कुनै पनि समय टोल फ्री नम्बरमा फोन गरि सहायता लिन सकिन्छ।
* आवश्यकता अनुसार वाहन उपलब्ध गराइन्छ।
* अधिक जानकारीका लागि ए.एन.एम. आशा कार्यकर्ता, लोक शिक्षा केन्द्र वा विकासखण्ड अधिकारीसंग सम्पर्क गर्न सकिन्छ।

## योजनाको लाभ :

* स्वयं सहायता समूह (जस्मा 70 प्रतिशत सदस्य बी.पी.एल परिवार का रहन्छन) त्यसलाई करपस फंड को रुमा 10,000 रुपियाँदेखि 15,000 रुपियाँसम्म सहायता प्रदान गरिन्छ।
* सामान्य श्रेणीका स्वयं सहायता समूह एवं व्यक्तिगत लाभार्थीलाई 15,000 रुपियाँ तथा अनुसूचित जाति

अनुसूचित जनजाति श्रेणीका लागि 20,000 रुपियाँ सब्सिडी प्रदान गरिन्छ।

* समूहलाई अधिकतम 2.50 लाख रुपियाँको सब्सिडी प्रदान गरिन्छ।
* सब्सिडी केवल बी.पी.एल परिवारका व्यक्तिगत लाभार्थी एवं त्यस समूहलाई प्रदान गरिन्छ जस्मा 70 प्रतिशत सदस्य बी.पी.एल परिवारबाट सामेल रहन्छन्।
* क्षमता विकास प्रशिक्षणको निम्ति प्रति लाभार्थीलाई 7500 रुपियाँ प्रदान गरिन्छ।
* स्वयं सहायता समूहको गठन एवं विकासको निम्ति एन.जी.ओ एनीमेटरहरुलाई 10,000 रुपियाँ उपलब्ध गराइन्छ।

**योजनाको अन्य विशेषता :**

* स्वयं सहायता समूहको गठन। समूहलाई अधिक कार्यशिल पार्न ऋण, तकनीक, बाजार आदि उपलब्ध गराउनु।

* समूहमा कुशल प्रबंधन, ऋणको उपयोग बजार एवं बैंकरहरुसित सम्पर्क तथा उत्पादन गुणवत्ताको निम्ति प्रशिक्षण दिनु।
* प्रारंपरिक आजीविकाको साधनलाई स्थाई एवं समृद्ध गराउनु।
* ग्रामीण स्व–रोजगार प्रशिक्षण संस्थानको स्थापना गर्नु।

## निःशुल्क कानुनी सहायता

प्रत्येक नागरिकलाई समान अवसरको साथ साथ सजिलोसित न्याय पनि उपलब्ध हुनुपर्छ। संविधानको प्रावधान अनुसार कुनै पनि व्यक्ति आर्थिक वा कुनै पनि कारणवशः न्याय पाउनुबाट वंचित हुनु हुँदैंन। यसै कारण केन्द्र, राज्य अनि जिल्ला स्तरमा विधिक सेवा प्राधिकरनको गठन गरिएको छ। राज्यमा उच्च न्यायालय तहत तहसील स्तरमा एक कानुनी सेवा समिति गठन गरिएको छ।

**उद्धेश्य :**

गरीब, असहाय, पीड़ित व्यक्तिहरुको समस्त न्यायलयहरुमा तिनको विरुद्ध चलि रहेको मुकदमाको निम्ति निःशुल्क कानुनी सहायता उपलब्ध गराइने छ।

**कानुनी सहायता अर्न्तगत प्रदान गरिने सेवा :**

* वकील फीस।
* कोर्ट फीस।
* टाईपिंग, फोटोकपी, अनुवाद गर्दा लाग्ने खर्च।
* निर्णय आदेश तथा अन्य कागजातको प्रमाणित प्रतिलिपि प्राप्त गर्दाका खर्च।
* गवाहीसंग सम्बन्धित अन्य खर्च।

**निःशुल्क कानुनी सेवा कसको निम्ति :**

* अनुसूचित जाति अनुसूचित जनजातिका सदस्य।
* महिला अनि नानीहरु।
* मानसिक रोगी एवं अपाङ्ग व्यक्ति।
* आपदा, जातीय हिंसा, अत्याचार वा औद्योगिक विनासका पीड़ित व्यक्ति तथा औद्योगिक श्रमिक।
* शोधनागार, मनोचिकित्सा अस्पताल, मनोचिकित्सीय परिचर्या घरमा हुने व्यक्तिहरु संग।
* जसको बार्षिक आय 1,00,000 रुपियाँ भन्दा अधिक नहुनेहरुले यस योजनाको लाभ पाउने छ।

**कानुनी सेवा प्राप्त गर्ने तरिका :**

* कानुनी सहायता प्राप्त गर्ने व्यक्तिले सादा कागजमा आफ्नो नाम, ठेगाना, जाति एवं आय संबन्धी जानकारी दिनु पर्दछ।
* मुकदमाको विवरण भर्नु पर्छ।
* आवेदन पत्रसित आय प्रमाण-पत्र, फोटो परिचय पत्रको फोटो कपी संलग्न गरेर सचिव जिल्ला कानुनी सेवा प्राधिकरण अथवा राज्य उच्च न्यायालय कानुनी सेवा प्राधिकरणका सचिवको कार्यलयमा आवेदन जमा गर्नु होस्।

अधिक जानकारीको निम्ति आफ्नो ग्राम पंचायत अन्तर्गत लोक शिक्षा केन्द्रोको प्रेरक, तनुहसील कानुनी सेवा प्राधिकरण एवं जिल्ला कानुनी सेवा प्राधिकरण संग सम्पर्क गर्नुहोस्।

# <u>प्रकाशित पुस्तिकाहरू</u>

१) आँखा खुल्यो

२) कुरा मिल्यो

३) मायाको पाठशाला

४) मर्यदाको प्रश्न

५) सुचनाको अधिकार ऐन 2005

६) आशाको करिण

७) अब कोही णोको नरहोस

८) अत्याचारको अन्त

९) रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat

**STATE RESOURCE CENTRE ASSAM**

**1-CD, Mandovi Apartments, GNB Road**
**Ambari, Guwahati-781001**
**E-mail-srcassam@hotmail.com**

**A2J (NE&JK)**
**Copies .......**